"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोल्फुटार, काठमाडौं
## ३ नं प्रदेश, नेपाल

मितिः २०७७/०१/२७

यस नगरपालिकाको विपद व्यवस्थापन समितिको बैठक वसि स्थानीय सर्वपक्षिय र सुरक्षाकर्मीहरुको समेत समन्वयमा निम्न अनुसार निर्णय गरी कार्यान्वयन गर्न सम्बन्धित सरोकारवाला र सर्वसाधारणहरुको जानकारीको लागी सुचना प्रकाशित गरिएको छ।

- यस नगर क्षेत्रमा जारी लकडाउन COVID-19 को सङ्क्रमण फैलनबाट सचेत रहँदै सुरक्षित राख्नको लागि भएकोले लकडाउनबाट परेको समस्या र दुख कष्ट प्रति धैर्य धारण गर्न अपिल गरिएको छ।
- लकडाउन अवधिमा नगर क्षेत्रमा साविक देखि खुल्दै आएका खाद्य, कृषि दुग्धजन्य पदार्थ स्वास्थ्यजन्य र व्यवसायहरु मन्त्रालयको निर्देशन अनुशार सञ्चालन गर्न पाईने।
- .नगर भित्र सञ्चालित विकास निर्माण सँग सम्बन्धित निर्माण सामाग्री र हार्डवेयर पसलहरु सामाजिक दुरी कायम गरी दिनको १२ बजे सम्म खोल्न पाईने।
- साविक देखी १० बजे सम्म खुल्दै आएका (BIG-MART) मार्टहरु १२ बजे सम्म खोल्न पाउने तर सफाई र सामाजिक दुरीको व्यवस्था कायम गर्नुपर्ने।
- ट्रक, ट्रिपर जस्ता हेभी सवारी साधन ८ बजे देखि विहान ६ बजे सम्म मात्र चल्न पास नचाहिने तर सिमेन्ट र खाधान्न बोकेका ठुला ट्रकहरु फिर्ता हुन सहयोग पुर्याउने।
- सहकारी संस्थाहरु १० वजे देखी १ बजेसम्म सञ्चालन गर्न सकिने छ।
- कम्प्युटर, मोबाईल, मोटर साईकल तथा अन्य मर्मत सम्भार गर्ने पसलहरु विहान ७ देखी १० बजे भित्र सामाजिक दुरी कायम गरी खोल्न पाईने। सैलुन, ब्युटीपार्लर, जस्ता व्यक्ति-व्यक्ति सम्पर्क हुने कुनै व्यवसाय चलाउन नपाईने। होटल,रेष्टुरेन्ट र मादक पदार्थ सेवन गर्ने स्थानहरु खोल्न नपाइने।
- आफ्ना आफन्तका मृत्यु भई वाहिर जिल्ला जान परेमा स्थानीय वडाको शिफारिस वनाई सहयोग गर्ने।
- यस न.पा.को वडा २ मा भविष्यमा हुन सक्ने आवश्यकतालाई ध्यानमा राखि विपद व्यवस्थापन केन्द्र बनाउन वफर जोन क्षेत्र सँग जोडिएको जग्गाको शिवपुरी राष्ट्रिय निकुन्ज सँग स्वीकृती माग गर्ने।
- नगर भित्र निर्माण सामाग्री ढुवानी गर्ने साना हल्का सवारी साधन योजनाको उपभोक्ता समिति, वडा समिति र स्थानीय सुरक्षाकर्मी सँग समन्वय गरी चलाउन सकिने।
- श्रमवाट जिविका चलाउने मजदुरहरुको समस्या समाधानको लागी राहतको लागि श्रमको योजना वनाई श्रमिकको सुची तयार गर्ने।
- नगर भित्र बसोवास रहेका तर विदेशमा कामको लागि गएका नेपालीहरुको स्थायी र अस्थायी सुची तोकिएको ढाँचामा तयार गर्ने।
- कोरोनाको सङ्क्रमणको त्रास कायमै छ, लकडाउन जारी छ, जुनसुकै वेला समस्या भयावह हुन सक्ने अवस्थालाई ध्यानमा राखि व्यक्ति व्यक्तिको दुरी कायम गर्दै, सुरक्षा उपायहरु जारी राख्न सहयोग पुर्याउन अपिल गरीएको छ।
- अन्तमा, न.पा. का विभिन्न वडाहरुमा सम्झौता भएका योजनाहरु संञ्चालन गर्न उपभोक्ताहरु, ठेक्का पाएका व्यवसायीहरुलाई सुरक्षाकर्मीहरुसंग समन्वयन गरी वडासमितिले सहजीकरण गर्ने छ।

**उद्धव प्रसाद खरेल**

**प्रमुख**